गणतन्त्र र राष्ट्रियताको रक्षा गरौं । संघीयता खारेज गरौं ।

"भ्रष्टाचारमुक्त समाज निर्माण गर्न आफ्नो मत परिवर्तन गरौं,
फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा गिलास चिन्हमा मतदान गरौं ।"





# नरबहादुर सिंह

प्रतिनिधिसभा
सदस्य पदका उम्मेदवार
निर्वाचन क्षेत्र नं. १ दैलेख





## चित्रबहादुर के.सी.

समानुपातिक पदका उम्मेदवार

## पूर्णकला वि.क.

समानुपातिक पदका उम्मेदवार

२०८२ फागुन २१ गते

सम्पर्क : ९८४२७६०२२९

# हाम्रो प्रतिबद्धता

# गिलासमा भोट किन ?

१. गणतन्त्र र राष्ट्रियताको रक्षा गर्दै संघीयता भित्रको शासकीय संरचना खारेज गरी स्थानीय स्वायात्तशासन र प्रजातान्त्रिक विकेन्द्रीयतामा आधारित एकात्मक शासन प्रणाली लागू गरिनेछ ।

२. नव उदारवादी अर्थनीति र दलाल पुँजीवादी व्यवस्थालाई निरूत्साहित गर्दै सामाजिक सुरक्षा र समाजवादी उत्पादन तथा वितरण प्रणाली निर्माण गरी पारदर्शी हिसाबले लागू गरिने छ ।

३. भ्रष्टाचारीलाई कार्बाही गरी, भ्रष्टाचारबाट आर्जित अकुत सम्पतिलाई राष्ट्रियकरण गर्दै भ्रष्टाचारलाई निरूत्साहित र नियन्त्रण गरी भ्रष्टाचारको अन्त्य हुने वातावरण निर्माण गरिनेछ ।

४. राजनीतिमा बढ्दै गहिरहेको व्यावसायिक तथा नाफामुखी संस्कारको अन्त्य गरी राजनीतिलाई समाज सेवा मध्यको उत्कृष्ट समाजसेवा हो भन्ने कुरा स्थापित गरिने छ ।

५. देशको विकास र समृद्धिको लागि कुनै सशर्त विदेशी अनुदान र ऋण हैन, नेपाली नागरिकको सिप, श्रम र देशभित्रको प्राकृतिक श्रोतलाई प्रचुर उपयोग गरी देशको विकास र नागरिकलाई समृद्ध बनाइने छ ।

६. कर्णाली नदि तथा छाघाट, लोहोरे, पादुका खेला लगायतका खोलाहरूमा तटबन्ध गरी करिडोर निर्माण तथा त्यहाँ रहेका जमिनमा सार्वजनिक संरचना निर्माण, पर्यटकीय स्थल निर्माण, वृक्षारोपण, भूमिहिनलाई आवास र सामुदायिक उत्पादनमा लगाइने छ ।

७. भूमिहिन, सुकुम्बासी र सडक आश्रित सहयोगापेक्षी मानवको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै सडक आश्रित सहयोगापेक्षीलाई उचित आवास र भूमिको व्यवस्था गरिने छ ।

८. शिक्षालाई क्रमशः सर्वसुलभ, निःशुल्क र व्यवहारिक तथा प्राविधिक बनाउन नयाँ शिक्षा ऐन ल्याइने छ ।

९. सन्तुलित विकास अवधारणा अपनाइ समान तथा समानुपातिक विकास अवधारणा अगाडि बढाइने छ ।

१०. फजुल खर्च कटौती गर्दै जनताका आधारभूत र अत्यावश्यक ठाउँमा लगानी वृद्धि गरिने छ ।

११. खानेपानी र सिंचाइको समस्या भएको ठाउँमा प्राथमिकताका आधारमा योजना तर्जुमा गरी लागू गरिने छ ।

१२. सडक पूर्वाधार, हवाई मैदान तथा यातायात विकासलाई विशेष महत्वका साथ

अगाडी बढाइने छ ।

१३. सार्वजनिक यातायातलाई सर्वसुलभ र सुरक्षित बनाउने अवधारणा अगाडी बढाइने छ ।

१४. कृषि फलफूल तथा पशुपालनको क्षेत्रमा अधिक उत्पादन र स्वरोजगारको वातावरण सृजना गर्नका लागि अनुदान, सहुलियतका साथ मल, बीउ, सिंचाइ, कृषि उपकरण र प्राविधिक सिप विकासलाई विशेष प्राथमिकतामा राखि काम गरिने छ ।

१५. गाउँ-गाउँमा खानेपानी, विद्युत, अस्पताल तथा सञ्चारको व्यवस्था गरिने छ ।

१६. स्थानीय संस्कृतिको संरक्षण र होमस्टे निर्माण गरी पर्यटन विकास तथा स्वरोजगार निर्माणमा प्राथमिकता दिइनेछ ।

१७. लोपोन्मुख जातजाती र भाषा संस्कृतिको संरक्षण, विकास तथा अध्ययन प्रतिष्ठान निर्माण गरिने छ ।

१८. जग्गाको सिमा विवाद, मोही विवाद, गुठी विवाद, नक्साङ्कनको विवाद, पारिवारिक उल्झन तथा झमेलाहरूलाई समाधान गर्ने ऐन बनाइ त्यसलाई कार्यान्वयन गरिने छ ।

१९. स्थानीय घरेलु तथा साना उद्योगहरूको विकासलाई प्रोत्साहन गर्दै दलाल पुँजीलाई निरूत्साहित गरिने छ ।

२०. कृषिमाथिको सामन्ती स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार लागू गर्नुका साथै हदभन्दा बढीको जग्गा बिना मुआब्जा अधिकरण गरी भूमिहिन र सुकुम्बासी किसानहरूलाई वितरण गने नीति निर्माण गर्ने पहल गरिने छ ।

२१. कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक कृषि प्रणालीको विकास गरी र आधुनिकरण गर्नमा जोड दिइने छ ।

२२. मिटरव्याजी तथा विभिन्न लघुवित्तिय संस्थाबाट किसान माथि व्याज असुलीका नाममा भइरहेको शोषणको अन्त्य गरिने छ ।

२३. पर्यटनको विकासका लागि आवश्यक पूर्वाधार तयार पार्न गुरूयोजना निर्माण गरिने छ ।

२४. सहकारीता क्षेत्रमा भएको ठगी र आर्थिक अनियमिततालाई अन्त्य गरी सहकारीक्षेत्रमा विश्वासको वातावरण सिर्जना गरिने छ ।

२५. विकेन्द्रित र सन्तुलित विकासको नीति निर्माण गरी पछाडी पारिएका क्षेत्रको विकासमा विशेष पहल गरिने छ ।

२६. सदरमुकाम वा पालिका केन्द्रसम्म पुगेका कच्चीसडकलाई कालो पत्रे गर्ने र नयाँ सडकलाई स्तरोन्नती गर्दै बाह्रै महिना सुचारू हुने अवस्थाको सिर्जना गरिने छ ।

२७. स्थानीय उत्पादनलाई संरक्षण गर्दै वैदेशीक आयातमा नियन्त्रण कायम गरी स्थानीय उत्पादनलाई वैदेशिक प्रतिस्पर्धाबाट बचाउन आवश्यक योजना बनाइने छ ।

२८. न्यायलयमा देखिएको बेथिति, भ्रष्टाचार तथा न्यायिक अराजकताको अन्त्य गरिने छ ।

२९. एकिकृत वस्ती विकासको अवधारणलाई साकार पारिने छ ।

३०. उपभोक्ता हक हितको संरक्षण गर्दै कृत्रिम अभाव सृजना गरी कालोबजारीलाई प्रश्रय गर्ने कार्यलाई कडाई पूर्वक नियन्त्रण गरिने छ ।

३१. जलस्रोत माथिको वैदेशीक एकाधिकार अन्त्य गरी साना, मझौला तथा बृहत प्रकारका परियोजना सञ्चालन गरी जलस्रोतको समुचित र बहुआयामिक उपयोगको नीति अवलम्वन गरिने छ ।

३२. प्रतिवर्ष श्रमबजारमा आउने लाखौ जनशक्तिलाई रोजगारका लागि आवश्यक व्यवस्था मिलाउन गुरूयोजना निर्माण गरी कलकारखानाको विकास गर्ने नीति निर्माण गर्ने छौ ।

३३. आत्मनिर्भर कृषि अर्थतन्त्रको विकासमा जोड दिइने छ ।

३४. कृषि, पशुपंक्षी तथा माछा उत्पादन वृद्धि गरी रोजगार बढाउनको लागि प्राविधिक क्षमता विकास परियोजनाहरू अगाडी बढाउनेछौं । साथै प्रत्येक वडाहरूमा कृषि संकलन केन्द्र स्थापना गरी स्थानीय उत्पादनलाई बजारीकरण गर्ने वातावरण मिलाउने छौं ।

३५. आम नागरिकको स्वास्थ्य उपचारमा सहज पहुँच र स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने छौं ।

३६. धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण र विकास गरी आकर्षक पर्यटकीय केन्द्र बनाउनेछौं ।

३७. राष्ट्रका लागि खेल स्वास्थका लागि खेल भन्ने सिद्धान्तलाई आत्म साथ गर्दै पर्याप्त खेलमैदान र रंगशाला निर्माण गर्नुका साथै खेलाडीको भरणपोषण गर्ने नीति अवलम्वन गरिने छ ।

३८. जेष्ठ नागरिक, दीर्घ रोगी, अपांग, अशक्त, उपचार गर्न नसकेका बिरामी तथा अनाथहरूको व्यवस्थापन गरिने छ ।

३९. पर्यावरण संरक्षणलाई दृष्टिगत गरी खोला नदी तथा वन संरक्षण गरी अवैध उत्खनन र विनासलाई रोकिने छ ।

४०. स्थानीय कच्चापदार्थमा आधारित उद्योगहरू खोलेर युवाहरूलाई विदेश पलायन हुन निरूत्साहित गर्दै स्वदेशमै स्वरोजगारको वातावरण सिर्जना गरिने छ ।

४१. आर्थिक समृद्धिका लागि वन पैदावारमा आधारित कार्यक्रम सञ्चालन गरी वन पैदावारमा काष्ठ, गैरकाष्ठ र जडीबुटीमा आधारित उद्यमको विकास गरिने छ ।

४२. भूकम्प तथा बाढी पिडित नागरिकलाई यथाशिघ्र आवसाको व्यवस्था गरिनेछ ।

# राष्ट्रिय जनमोर्चा

**निर्वाचन परिचालन समिति**

**क्षेत्र नं. १ दैलेख**